स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका भावना आचार्य र गायक डेभिड शंकरको स्वरमा रहेको नयाँ तीज गीत भिडियो सार्वजनिक गरिएको छ। सार्वजनिक 'घर आँगनमा नाच फरर' बोलको गीतमा गायिका भावनाकै शब्द तथा सङ्गीत रहेको छ । गीतको भिडियोमा महानायक राजेश हमाल र मञ्जु थापा फिचर्ड छन् । भिडियोमा महानायक हमाल र मोडल मञ्जुको केमेस्ट्री सुहाएको छ। त्यस्तै गरी गायक डेभिडको पहिलो नम्बरमा,दर्शन सलाम जस्ता गीतहरू सफल छन् ।

**आजको विचार...**



जीवन क्षेत्री

हानिकारक...

(दुई पेजमा)



अभिनेता सनी देओल र अभिनेत्री अमीषा पटेल स्टारर फिल्म 'गदर २'लाई यस वर्षको दोस्रो ठूलो ओपनिङ मिलेको छ । फिल्मले प्रदर्शनको पहिलो दिन भारतमा ४० करोड १० लाखको ओपनिङ गरेको ट्रेड एनालिस्ट तरण आदर्शले जनाएका छन् । यस वर्ष सबैभन्दा ठूलो ओपनिङ अभिनेता साहरुख खानको 'पठान'लाई मिलेको थियो, जसको पहिलो दिनको कमाई नै ५७ करोड थियो । 'गदर २'को एडभान्स बुकिङ नै आक्रामक थियो । भारतका ठूला मल्टीप्लेक्समा २ लाख ५० हजार बढी टिकट बिक्री भएको थियो भने अरु मिलाएर ७ लाख टिकट बिक्री भएको छ ।

❒ वर्ष २९ ❒ अंक २८ ❒ २०८० साउन २८ गते आइतबार 13 August 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### ढुङ्गाले लागेर प्रहरीको मृत्यु

**मनहरी (मकवानपुर),**साउन २७/ मकवानपुरमा सुक्खा पहिरामा खसेको ढुङ्गाले लागेर घाइते भएका प्रहरी जवानको मृत्यु भएको छ । जिल्ला प्रहरी नायब उपरीक्षक एवं प्रहरी प्रवक्ता टेकबहादुर कार्कीका अनुसार प्रहरी चौकी भैंसेमा कार्यरत २२ वर्षीय प्रहरी जवान कीर्तिबहादुर नेपालीको शुक्रबार साँझ मृत्यु भएको हो ।

मकवानपुरको भिमफेदी गाउँपालिका-२ भैंसेमा सुक्खा पहिरासँगै खसेको ढुङ्गाले लागेर घाइते भएका नेपालीलाई उपचारका लागि हेटौँडा अस्पताल ल्याइएकामा उपचारका क्रममा मृत्यु भएको प्रवक्ता कार्कीले जानकारी दिए । 'बिहीबार भैंसेस्थित प्रहरी पोष्टमा काम गरिरहेका समयमा उनी चिप्लिएर घाइते भएका थिए', उनले भने, 'हेटौँडा अस्पतालमा उपचारपछि फर्किने क्रममा शुक्रबार दिउँसो ढुङ्गा लागेर नेपाली पुनःघाइते भएपछि घटनास्थलबाटै अस्पताल पुऱ्याइएको थियो ।' नेपालीसँगै प्रहरी जवान सुनिल मेचे पनि घाइते भएकोमा उनको भने अवस्था सामान्य रहेको कार्कीले बताए । मृतक नेपाली जाजरकोटको शिवालय नगरपालिका-८ का स्थायी बासिन्दा रहेको प्रहरीले जनाएको छ । उनको शव आज परिवारलाई जिम्मा लगाइ जाजरकोट पठाउने तयारी भइरहेको प्रहरी प्रवक्ता कार्कीले जानकारी दिए । **-रासस**

# रैनादेवी गाउँ सरकारको आम्दानीमा सुधार, एक वर्षमा एक करोड

**कृष्ण पोखरेल**

**पाल्पा,**साउन २७/अधिकास स्थानीय सरकारहरुको आन्तरिक आम्दानी कमजोर बन्दै गएका बेला पाल्पाको रैनादेवी छहरा गाउँ सरकारले भने केही सुधार गरेको छ । उसले गत वर्षहरुको तुलनामा आन्तरिक आम्दानीलाई सुधार गर्दै गएको देखिन्छ ।

गत आर्थिक वर्ष २०७८/०७९ मा ६९ लाख ६५ हजार आन्तरिक आम्दानी गरेको पालिकाले आर्थिक वर्ष २०७९/०८० मा भने १ करोड ११ लाख ४७ हजार राजश्व संकलन गरेको छ । पालिकाले अघिल्लो आर्थिक बर्ष भन्दा ४१ लाख ८१ हजार आम्दानी गरेको हो । यो ६० दशमलव ०३ प्रतिशत बढी हो । स्थानीय सरकारहरु परनिर्भर बन्दै गएको आलोचना खेप्दै गएका बेला रैनादेवी गाउँ सरकारले भने हरेक वर्ष आफ्नो आम्दानीलाई वृद्धि गर्दै लगेको छ । पालिका पदाधिकारीहरुले आन्तरिक आम्दानी बढाउन खेलेको भूमिका, राजश्व परामर्श समितिको नियमित सक्रियता,




अनुगमनको काममा व्यवस्थित, व्यवसायीहरुको लगत संकलन गरी करको दायरा फराकिलो, कवाडी करलाई ठेक्का प्रणालीमार्फत सञ्चालन, निकासी कर घरबहाल कर लगायतका कार्यहरुमार्फत आन्तरिक आम्दानीमा वृद्धि गर्न सफल भइएको गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराईले बताए । उनले 'भने राज्यले दिने हरेक किसिमका योजनाका रकम कटौती गरिरहेको समयमा हामीले भने आन्तरिक आम्दानी बढाउन निकै मिहेनत गयौं र मिहेनत अनुसारको रकम बढाउन पनि सफल भएका छौं ।' यही सफलतालाई आत्मसाथ गर्दै चालु आर्थिक बर्षमा पनि आम्दानी थप बढाउने लक्ष्य लिएको अध्यक्ष भट्टराईले बताए । वडागत रुपमा विश्लेषण गर्दा ३ नं वडा कार्यालय भुवनपोखरीले सबैभन्दा बढी ८ लाख ७४ हजार ८ सय ५३ राजश्व संकलन गरेको छ भने सबै भन्दा कम १ नं. वडा कार्यालय सिद्धेश्वरले २ लाख ३९ हजार ५ सय ७८ राजश्व संकलन गरेको छ । वडागत रुपमा वडा नं. २ सोमादीले ७ लाख ५० हजार ४ सय ५९ , वडा नं. ४ छहराले ८ लाख ६४ हजार ४ सय ५, वडा नं. ५ मुझुङले ६ लाख ५३ हजार ७ सय ५९, वडा नं. ६ जुठापौवाले ४ लाख ५२ हजार २७ , वडा नं. ७ बल्ढेङ्गगढीले ५ लाख ८५ हजार ४ सय ६ , वडा नं. ७ सत्यवतीले ५ लाख २ हजार ९ सय ९४ , पालिका कार्यालयबाट २० लाख ४ हजार ८ सय ३१ र बैंकबाट ४२ लाख १८ हजार ७ सय राजश्व संकलन भएको पालिका उपाध्यक्ष युवराज थापाले बताए । पालिकाले विभिन्न १६ वटा शिर्षकमा राजश्व संकलन गरेको छ ।

सबैभन्दा बढी रोयल्टीबाट ३१ लाख ४६ हजार २ सय ९ राजश्व संकलन गरेको छ भने वातावरण शुल्कबाट १८ लाख राजश्व उठाएको छ । यसैगरी निकासी करबाट १३ लाख ३७ हजार ६ सय ४१, सिफारिस दस्तुरबाट १२ लाख ४४ हजार ९ सय ३५, भुमिकर मालपोतबाट ६ लाख ५७ हजार ७ सय ४२, व्यवसायकरबाट ५ लाख ९७ हजार ६ सय १९, व्यक्तिगत घटनादर्ताबाट ५ लाख ९ हजार ४५ राजश्व संकलन भएको प्रमुख प्रशासकीय अधिकृत दिनेश सारुले जानकारी दिए । यस्तै पालिकाले गएको चालु आ.व.मा दण्डजरिवानाबाट ५५ हजार ७ सय ३९, विविधबाट ८१ हजार ५ सय १६, बेरुजु असुलीबाट ४ लाख ४६ हजार ८ सय ४९, कवाडीकरबाट १ लाख ५१ हजार १ सय, अन्यदस्तुरबाट १ लाख ५६ हजार १ सय ४८, नाताप्रमाणितबाट ९३ हजार २ सय ५०, बहाल विरौटा करबाट १० हजार ४ सय ५०, घर बहाल कर वापत ३ लाख १५ हजार २ सय १८ र सम्पत्तीकर वापत ४ लाख ६२ हजार ६ सय ५८ संकलन गरेको छ । गाउँपालिकाले चालु आर्थिक बर्षका लागि ९० लाख आन्तरीक आम्दानी गर्ने लक्ष्य लिए पनि कर संकलनको दायरा फराकिलो बनाउदै लगिएको, घरबहाल करमा व्यवसायीहरुलाई पनि समेट्दै जाने, सामुदायिक बनको आम्दानी बढाउने गरी काम भईरहेको गाउँपालिकाका राजश्व शाखा प्रमुख हरि प्रसाद पराजुलीले बताए । यस वर्ष खोलाको ढुङ्गा गिट्टी तथा वालुवा उत्खनन्का लागि वातावरणीय मूल्याङ्कन परीक्षणको तयारी भईरहेको राजश्व शाखा प्रमुख पराजुलीले बताए । गाउँपालिकाले प्रत्येक बर्ष राजश्व संकलन कार्य बढाउदै लगेको, दायराहरु बढाउँदै जाने, राजश्व संकलनलाई पारदर्शी तथा व्यस्थित गरिदै लगिएको पालिकाका सूचना अधिकारी नारायण मल्लले बताए ।

# अझै केही दिन वर्षा हुने



**पाल्पा,** साउन २७/ वर्षा अझै केही दिनसम्म रहने जनाइएको छ । मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतर्फ (नेपाल नजिक) रहेकाले आगामी सोमबारसम्म देशका धेरैजसो स्थानमा वर्षा हुने सम्भावना रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार मनसनुको न्यून चापीय रेखा नेपाल नजिकसँगै भारतको विहारको उत्तर पश्चिम भू-भाग तथा आसपासमा रहेको न्यून चापीय प्रणालीको पनि प्रभाव रहेकाले आगामी केही दिनसम्म मनसुनको न्यून चापीय रेखा अझै नेपाल नजिक सर्ने सम्भावना छ । शनिबार राति देशभर सामान्यदेखि पूर्ण बदली रही देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुनुका साथै कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा मेघ गर्जन/चट्याङसहित भारी वर्षा भएको थियो । महाशाखाले विशेष मनसुन बुलेटिन जारी गर्दै शनिबारदेखि सोमबारसम्म देशको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहावको जोखिम रहेकोले आवश्यक सतर्कता अपनाउन समेत अनुरोध गरेको छ । साथै, सहरी क्षेत्रमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन तथा सडक तथा हवाई यातायात समेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा अनुरोध गरिएको छ ।

# पाल्पामा पनि मनाइयो अन्तर्राष्ट्रिय युवा दिवस

**पाल्पा,** साउन २७/ अन्तर्राष्ट्रिय युवा दिवस पाल्पामा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ । 'दिगो विकासको लक्ष्य प्राप्तिमा युवाको साथ : नवप्रवर्तन र उद्यमशीलतामा हरित सिप विकास' भन्ने नाराका साथ शनिबार दिवस मनाइएको हो ।

दिवसका अवसरमा नेपाल परिवार नियोजन संघ पाल्पा र रोट्र्याक्ट क्लव अफ पाल्पाको संयुक्त आयोजनामा उत्कृष्ट युवा सम्मान तथा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि तथा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले देशलाई समृद्धिको दिशातर्फ



लैजान युवाहरु तयार हुनुपर्ने बताए । उनले युवाहरुले पनि राजनीति तर्फ सकरात्मक चासो राख्न जरुरी रहेको धारण व्यक्त गरे । खनालले स्थानीय सरकारले पनि युवा लक्षित कार्यक्रमहरु गर्न आवश्यक रहेकाले आफुले सबै स्थानीय सरकारसँग समन्वय गर्ने बताए । कार्यक्रममा विशिष्ट अतिथि जिल्ला समन्वय अधिकारी जनार्दन अधिकारीले युवालाई स्वरोजगार बनाउने दिशामा तीनै तहका सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । पत्रकार नारायण न्यौपानेले स्थानीय सरकारहरु दिवसका बारेमै अनविज्ञ रहेको बताए । उनीहरुले युवा दिवस हो भन्नेसम्म थाहा नभएको तर परिवार नियोजन संघ र रोट्र्याक्ट क्लव जस्ता संस्थाहरुले दिवसका दिन कम्तीमा छलफल चलाएको धारणा व्यक्त गरे ।

...-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## वर्षा भइरहेको छ, सतर्क रहौं

केही दिनदेखि देशका विभिन्न स्थानमा अविरल वर्षा भइरहेको छ । मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतर्फ (नेपाल नजिक) अवस्थित रहेकाले अझै दुई दिनसम्म देशका धेरैजसो स्थानमा वर्षा हुने सम्भावना रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । सोमबारसम्म देशको पहाडी भू–भागमा पहिरो तथा गेग्रान बहावको जोखिम रहेकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ । सहरी क्षेत्रमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन तथा सडक तथा हवाई यातायात समेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउनु आवश्यक छ । अहिले नियिमत भइरहेको वर्षाका कारण धेरै ठाउँहरुमा बाढीपहिरो र डुबानलगायत प्राकृतिक विपद्को सामना गर्नु परिरहेको छ । बाढीपहिरोजन्य घटनामा परेर ज्यान गुमाउनु परेको र कयौं बेपत्ता भएका समाचारहरु आइरहेका छन् । कृषिकर्मका लागि आवश्यक परेको बेला नियमित वर्षा नहुँदा तराई मधेशलगायत क्षेत्रमा किसानले रोपाइँ गर्न नपाएको र सिँचाइ सुविधा नहुँदा रोपाइँ भएको टाउँमा समेत रोपो सुक्न थालेको बेलामा अविरल वर्षाले किसानलाई केही राहत पुगे पनि बाढी र पहिरोले देशभरकै जनजीवनमा असर परेको कुरा नकार्न सकिदैन ।

अझै केही समय नदीको जल सतह बढ्ने, बाढी, भूक्षय तथा हावाहुरी जस्ता प्रकोप हुन सक्ने पूर्वानुमान गरिएको छ । त्यसबाट जनस्वास्थ्य, कृषि, दैनिक जनजीवन, सडक तथा हवाई यातायातमा हुन सक्ने क्षतिबाट बच्न सतर्कता अपनाउन आवश्यक छ । प्राकृतिक विपद् वा प्रकोपलाई निमिट्यान्न पार्न सकिँदैन । प्राकृतिक, दैवीप्रकोपहरू व्यहोर्न मानव जाति बाध्य छ, तर विपद्हरूको जोखिम न्यून गर्न चाहिँ सकिन्छ । कमभन्दा कम क्षति कसरी हुन सक्छ ? मानवीय, भौतिक क्षति कम गर्न प्रारम्भमै तयारी गर्न सक्ने हो भने प्राकृतिक विपद्ले निम्त्याउने असर कम गर्न सकिन्छ । विपद्लाई व्यहोर्नैपर्छ, तर यसलाई व्यवस्थापन गर्ने उचित उपाय अवलम्बन समयमै गर्न सकिए, यसको जोखिम न्यूनीकरण हुन सकिन्छ । बाढी पहिरो प्रभावित जनतालाई समयमै सूचित गर्न सकियो भने पनि ठूलो क्षति हुनबाट रोक्न सकिन्छ । यसर्थ यसतर्फ सरकार र आम नागरिक सतर्क हुन जरुरी छ ।

### Opinion @ Social Network

आफुले खाने पानी फोहर भए मुल सफा गर्ने हो
नयाँ मुल खोज्दै हिड्नु विकल्प होइन ।
(सुवास गैरेको फेसबुक स्टाटस https://www.facebook.com/subash.gaire.92)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हानिकारक 'जंक मोटिभेसन' को बिगबिगी !



जीवन क्षेत्री

*युवासम्बद्ध संस्थाहरूको हालत पनि उस्तै छ । अब एउटा प्रश्न उठ्न सक्छ – केही नहुनुभन्दा त आखिर सतही र निष्प्रभावी भए पनि यही सकारात्मक सोचवाला 'जंक मोटिभेसन' को खेती ठिकै होइन र? आफू वरपरका ठूल्ठूला समस्या समाधान नभए पनि विद्यार्थी मेहनत गरेर पढ्न मात्रै उत्प्रेरित भए भने त्यो फाइदै भएन र ? यसको जवाफमा एउटा प्रतिप्रश्न राखेर म यो लेखको बिट मार्छु । नेपालमा प्रचलित 'जंक मोटिभेसन' को माछाबजारमा एक विद्वानले आफ्नो सफलताको मानकलाई यसरी व्याख्या गरेका छन् – म नेपाल यातायातको भिडभाडमा यात्रा गर्दा जुत्ता मैलो र कच्याककुचुक हुन्थ्यो । मैले सपना देखेँ, म यही बाटोमा आफ्नै गाडी गुडाउँछु । एक दिन गुडाएँ पनि ।*

सन् १९५२ मा नर्मम्यान भिन्सेन्ट पिलले एउटा पुस्तक लेखे द पावर अफ पोजिटिभ थिंकिङ । त्यसको एउटा संस्करणको खोलमा लेखकलाई 'सकारात्मक सोचका पिता' भनिएको छ । आजका दिनसम्म संसारभरको लेखन र पठनमा मात्र नभइ लोकप्रिय संस्कृतिमा त्यो किताबले जस्तो छाप छाड्न सकेको छ, त्यो हेर्दा उनका लागि त्यो पदवी अतिशयोक्तिजस्तो पनि लाग्दैन ।

संसारभर उक्त किताबका जति भाषामा वैध र अवैध पुनर्मुद्रण भयो, त्योभन्दा धेरै उनकै किताबसित हुबहु सन्देश मिल्ने तर फरक खोल र लेखकको नाम भएका किताबहरू निस्के । जसले लेख्न सकेनन्, तिनले सकारात्मक सोचको मन्त्र घोकेर धाराप्रवाह प्रवचन दिन थाले । अर्थात् सकारात्मक सोचको एउटा ससानो विश्वव्यापी उद्योग नै खडा भयो । कति मानिस त पिलले ठोस आकार दिएको उक्त अवधारणा मानिसहरूलाई पुस्तक वा भाषणका रूपमा बेचेरै धनी भए । तर जो त्यो उद्योगको उत्पादनका उपभोक्ता थिए, तिनको एउटा समस्या थियो । मानिस 'मोटिभेसन' का लागि एउटा किताब किनेर पढ्थे, सकारात्मक सोच राखेर सफल भएका मानिसहरूको कथा सुनेर उत्साहित हुन्थे र एउटै किताबले आफ्नो जीवन बदलिएको महसुस गर्थे । तर तिनको वास्तविक जीवनसित किताबका कथा र त्यसभित्रको सन्देशको असाध्य कम तालमेल हुन्थ्यो । नचाहँदा नचाहँदै निराशा, हतासा र क्षोभजस्ता 'नकारात्मक' भाव पैदा हुन्थे । परिणाम – मानिसहरू सकारात्मक र सफल हुन नसकेकोमा अपराधबोध गर्थे, आफैंलाई हेय दृष्टिले हेर्थे र निराश हुन्थे । अनि फेरि तिनै गुरूहरूको शरणमा पर्थे, अर्को किताब किनेर वा अर्को भाषण सुनेर । यसरी एकतिर किताबको लेखक वा 'मोटिभेसनल स्पिकर' धनी हुँदै जान्थ्यो, उता उसको उपभोक्ता दीनहीन र निरूपाय हुँदै जान्थ्यो । वर्षमै कैयौं उत्प्रेरक किताब पढ्दा पनि ऊ जहाँको तहीँ हुन्थ्यो तर 'सकारात्मक सोच' को धन्दाले अर्को सीमा काटिसकेको हुन्थ्यो । येल युनिभर्सिटीको सिलिम्यान कलेजकी प्रमुख तथा मनोविज्ञानकी प्राध्यापक डा. लोरी स्यान्टोसले 'द ह्याप्पिनेस ल्याब' पोडकास्टमा यही प्रवृत्तिलाई केन्द्रमा राखेर एउटा अंक नै बनाएकी छन् डन्ट एक्सेन्चुएट द पोजिटिभ । त्यसमा आजका अनेक थरी 'मोटिभेसनल स्पिकर' हरूको झल्को दिने गरी पिलले दिएको भाषणको एउटा क्लिप सुन्न पाइन्छ । मनोविज्ञानको नवीनतम शोधका आधारमा उक्त पोडकास्टमा स्यान्टोस भन्छिन् – सकारात्मक सोचको एकोहोरो ध्याउन्नले व्यक्तिलाई अघि बढाउनको सट्टा पछि पार्न सक्छ । कारण – मानिसको मनका मौलिक विशेषताहरू छन् जसको पिलजस्ता मानिसलाई कुनै अत्तोपत्तो थिएन । ती सबै विशेषता मनोविज्ञानको सिंगो प्राज्ञिक क्षेत्रले अझै बुझिसकेको छैन भने सन् १९५२ मा पिलले त्यसलाई बुझेका हुनुपर्थ्यो भन्ने अपेक्षा सायद उचित होइन । तर उनीपछि आजका दिनसम्म आउँदा पनि निरन्तर उनले प्रतिपादन गरेका र मनोविज्ञानले उल्टोपाल्टो मानेका कुराहरूको सुगा-रटाइ गर्नु चाहिँ गलत मात्र नभई चरम् प्राज्ञिक आलस्यको परिणाम हो । अन्तर्राष्ट्रिय युवा दिवस देखिनै मुखैमा 'सकारात्मक सोच' झुन्ड्याइ हिँड्ने 'मोटिभेसनल स्पिकर' हरूको चारैतिर तानातान छ । लगत्तै हप्तौंसम्म युट्युबमा उनीहरूका प्रवचनको लश्कर लाग्ने छ । तर आजको युवालाई हामीले दिनुपर्ने शिक्षा र उत्प्रेरणा के हो त? युवाले अग्रजहरूबाट बुझ्नुपर्ने कुरा के हुन् त ? केही दिनअघि क्लबहाउसको एउटा छलफलमा मैले भनेको थिए आजका युवाले सुरूमा आफ्नो धरातल बुझ्नुपर्छ, समाज र समय बुझ्नुपर्छ । हाम्रा इन्द्रीयहरू बाहिरतिर फर्केकाले एक हदसम्म आफैंलाई बुझ्न पनि संसार बुझ्नुपर्ने बाध्यतामा छौं हामी ।

**आजको युवा कुन धरातलमा उभिएको छ त ?**

मैले भनेको थिएँ स्पेनमा अस्ति भर्खर जमिनको तापक्रम ६० डिग्री सेल्सियस पुग्यो । अहिलेकै गतिमा पृथ्वी तात्ने हो भने सन् २०७० मा त्यत्रो जमिनमा हाल सहारा मरूभूमिको मध्यमा जस्तो तापक्रम हुनेछ जहाँ साढे तीन अरब मानिसको थातथलो हुनेछ । वैज्ञानिकहरू भनिरहेका छन्, मानिसले तताएका कारण पृथ्वीको बाहिरी ठोस तह (क्रस्ट) अर्थात् हामी उभिएको धरातलमा यति फेरबदल आएको छ कि यसले प्राकृतिक भनिने गरेका भूकम्प र ज्वालामुखीजस्ता विपत्तिहरूको समेत जोखिम बढाएको छ । एउटा अध्ययनका अनुसार सन् १९९३ देखि २०१० सम्म मानिस जातिले जमिनमुनिबाट २,१५० गिगाटन पानी तानेर समुद्रमा पठाएको छ जसका कारण पृथ्वीको २४-घण्टे फन्को मार्ने 'एक्सिस' नै बर्सेनि ४.३ सेन्टिमिटरले सर्दैछ । पृथ्वीको फन्को चालमा आएको यस्तो परिवर्तनका कारण फेरि संसारका विभिन्न भागबीचको सन्तुलन बिग्रेर कुनै ठाउँमा समुद्रको सतह थप बढ्ने अवस्था छ । आफू उभिएको धरातलमा भइरहेको यस्तो परिवर्तनबारे युवाहरूलाई बेखबरै राखेर हाम्रो र हामीभन्दा अगाडिको पुस्ताले कहिलेसम्म उनीहरूलाई 'उत्प्रेरित' गरिरहने हो ? युवाले फेर्ने सास, पिउने पानी र खाने अन्न सबैतिर अहिले प्रदूषण र विषादीको बिगबिगी छ । खाद्य सुरक्षा छैन । देशमा रोजगारी छैन । विदेशको सम्मानजनक रोजगारीका लागि सहज र पहुँचको शिक्षा छैन । वर्षको आठ महिना दैनिक दर्जनौं चुरोटको धुवाँ पान गरेसरहको प्रदूषणमा बस्नु छ ।

यस्तो बेलामा युवाहरूलाई आफू वरपरका यावत् समस्याहरूको गुरूत्व बुझेर, बुझाएर तिनको समाधानका लागि संगठित प्रयत्न गर्ने कि ! सकारात्मक सोच ! र 'आत्म-उत्प्रेरणा' जस्ता कपासको मिठाइजस्ता विषयहरूको भुलभुलैयामा पारिरहने ? जुन युवा दिनमा २४ घन्टा धूलोधुवाँको तुवाँलोमा सास फेर्न अभिशप्त छ, उसलाई त्यो हावा सफा गर्ने दु:साध्य काममा दशकौं खट्ने, संगठित हुने, स्वार्थ समूहहरूविरूद्ध संघर्ष गर्ने उत्प्रेरणा दिन कठिन छ तर वातानुकूलित कोठामा भाषणकलामा पोख्त भएको विदुषकलाई मञ्चमा दौडाएर एक घन्टा रनभुल्ल पार्न सजिलो छ । स्वभावत: हामी सबैले सजिलो बाटो अपनाएका छौं । स्कुल-कलेजहरूले पनि त्यस्तै विदुषकहरूलाई बोलाएर आफ्ना विद्यार्थीहरूलाई दीक्षित गर्ने गरेका छन् । युवासम्बद्ध संस्थाहरूको हालत पनि उस्तै छ । अब एउटा प्रश्न उठ्न सक्छ – केही नहुनुभन्दा त आखिर सतही र निष्प्रभावी भए पनि यही सकारात्मक सोचवाला 'जंक मोटिभेसन' को खेती ठिकै होइन र? आफू वरपरका ठूल्ठूला समस्या समाधान नभए पनि विद्यार्थी मेहनत गरेर पढ्न मात्रै उत्प्रेरित भए भने त्यो फाइदै भएन र ? यसको जवाफमा एउटा प्रतिप्रश्न राखेर म यो लेखको बिट मार्छु । नेपालमा प्रचलित 'जंक मोटिभेसन' को माछाबजारमा एक विद्वानले आफ्नो सफलताको मानकलाई यसरी व्याख्या गरेका छन् – म नेपाल यातायातको भिडभाडमा यात्रा गर्दा जुत्ता मैलो र कच्याककुचुक हुन्थ्यो । मैले सपना देखेँ, म यही बाटोमा आफ्नै गाडी गुडाउँछु । एक दिन गुडाएँ पनि । वाह, सकारात्मक सोचबाट प्राप्त हुने सफलताको कस्तो भव्य उदाहरण । तर एकचोटि गहिरिएर सोचौं त काठमाडौंमा नेपाल यातायातजस्ता सबै सार्वजनिक बसहरूमा कोचिएर हिँड्नै यात्रु जतिले कार चढेर हिँडे भने के हुन्छ ? कोही पनि साधन चढेर कहीँ पुग्दैन, काठमाडौंको पूरै सडक सधैंका लागि जाममा पर्छ । पार्किङ सबैलाई पुग्ला, चलाउन कसैलाई पुग्दैन । गन्तव्यमा पुग्नका लागि गाडी घरमै छाडेर पैदल जाँदा छिटो हुन्छ । आजका युवालाई हामीले भोलि काठमाडौंजस्तो सहरमा कार चढेर हिँडेको सपना देखाउने कि अहिले नै पक्षघातग्रस्त भइसकेको सहरको ट्राफिक खुकुलो हुने गरी चुस्त सार्वजनिक यातायात प्रणाली विकास गर्न उत्प्रेरित गर्ने ? जुन युवालाई काठमाडौंमा कार चढ्नु नै सफलताको मानक भनेर बुझाइयो, उसलाई म अब आउँदा दशकहरूमा जलवायु संकटका कारण हुने अर्बौं मानिसहरूको सम्भावित विस्थापन, त्यसले ल्याउन सक्ने द्वन्द्व र विग्रहलगायत हाम्रो सभ्यतालाई नै अस्तव्यस्त बनाउन सक्ने कुराहरूबारे कसरी बुझाऊँ ? त्यो काम अजिनोमोटो र कुखुराको धूलोयुक्त चाउचाउमा पल्केको बच्चालाई पोषणयुक्त कोदोको ढिँडो ख्वाउनुजत्तिकै कठिन छ । युवालाई दिइने 'जंक मोटिभेसन' यसैकारण फाइदाजनक त छैन नै, युवा र समग्र समाजका लागि उल्टै हानिकारक छ । यसपालिको अन्तर्राष्ट्रिय युवा दिवसमा युवाहरूलाई मेरो संदेश यही छ – हामी कुनै पनि बौद्धिक तिकडमको खोलमा लुटपुटु पर्दैमा वा भाग्दैमा हाम्रो समयका कुनै पनि समस्याहरू समाधान हुँदैनन् । यथार्थ जतिसुकै कुरूप र समस्या जतिसुकै गम्भीर भए पनि तिनलाई जस्ताको तस्तै हेर्ने, बुझ्ने, पर्गेल्ने र सामना गर्ने जटिल र कष्टकर बाटो नहिँडी उज्यालो भविष्य सम्भव छैन । त्यसका लागि पिल र उनका शिष्यहरूले भनेझैं आफ्नै मनलाई 'बलियो' पारेर पुग्ने छैन, सिंगो समाज र संसार परिवर्तन गर्नका लागि संगठित हुनुपर्नेछ । आफ्नो मनको सुरूङबाट निस्केर सिंगो समाज र सिंगो इतिहासलाई पढ्नु र बुझ्नुपर्नेछ । त्यो बाटोमा असफलता, निराशा, हन्डर, ठक्कर लगायत नर्मन भिन्सेन्ट पिलले कहिल्यै नस्वीकार्नु भनेका मनोभावहरू हाम्रा साथी बनेर सँगै रहनेछन् । हामीले सुरू गरेका कति लडाइँहरू त हाम्रो जीवनकालमा समेत टुंगिने छैनन् । शारीरिक-मानसिक सीमाहरूका कारण कति लडाइँबाट चाहेर पनि अलग बस्नुपर्नेछ । कति लडाइँमा नचाहेर पनि हामीले हार स्वीकार गर्नुपर्नेछ । तर हाम्रो मानवीय नैतिकता र संवेदनाले, हाम्रो न्यायचेतले हामीलाई आफू वरपरको संसारलाई राम्रो र न्यायपूर्ण बनाउनका लागि निरन्तर लडिरहन प्रेरित गर्नेछ । आखिर एकबारको जुनी यसै फाल्ने इच्छा त कसको पो हुन्छ र ?

**-सेतोपाटी डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । | **तुला** : मध्यम खालको दिन छ । ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । |
| **वृष** : रमणीय र सुखद् यात्राको योग छ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **वृश्चिक** : नयाँ शिक्षा र ज्ञान सिक्ने मौका मिल्नेछ । |
| **मिथुन** : सामाजिक कार्यमा रुचि बढ्नेछ । विद्या र बुद्धिको विकास पनि हुनेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कर्कट** : गरेको कार्यमा सफलता मिल्ने छ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ | **मकर** : इनाम र प्रतिष्ठा कमाउने बेला छ । विशिष्ट व्यक्तिको साथ पाइनेछ । |
| **सिंह** : सानातिना समस्यामा अल्झनुपर्नेछ । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । | **कुम्भ** : मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । |
| **कन्या** : लाभदायक यात्रा पनि रहला । कुनै कुराले मनमा शान्ति छाउनेछ । | **मीन** : एउटै कामबाट लाभ मिल्नेछ । सेयरको कारोबारमा फाइदा हुनसक्छ । |

# कृषि

## राष्ट्रिय सुन्तला जात अनुसन्धान कार्यक्रम

## तेइस वर्षमा ६ अनुसन्धान



नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय सुन्ताला जात अनुसन्धान कार्यक्रम धनकुटाले ६ वटा अमिलो जातको अनुसन्धान पूरा गरेको छ । सम्पूर्ण अमिलो फलफूलको अनुसन्धान सुरुआत गरेको २३ वर्षमो ती अनुसन्धान पूरा गरेको हो ।

विसं २०१८ मा धनकुटा नगरपालिकाको वडा नं १० पारिपात्लेमा सुन्तला बाली अनुसनधान केन्द्रका रूपमा स्थापित सो केन्द्रलाई २०५७ सालपछि सम्पूर्ण अमिलो जात फलफूलको अनुसन्धानको जिम्मा दिइएको थियो । केन्द्रले हालसम्म तीन/तीन सुन्तला र कागतीको अनुसन्धान पूरा गरेर खेतीका लागि सिफारिस गरेको कार्यालयका प्रमुख डा.उमेश आचार्यले जानकारी दिए । यी सुन्तला र कागती यसअघि नै किसानले पारम्परिकरूपमा व्यावसायिक खेती गर्दै आए पनि विभिन्न अनुसन्धानपछि अनुसन्धानले आधिकारिकरूपमा भौगालिक आधार तोकेर खेतीका लागि सिफारिस गरेको हो । सिफारिस गरिएका जातको व्यावसायिक खेती गर्दा बैंकिङ कर्जा, बाली बीमा,अनुदानजस्ता सेवा-सुविधा लिन किसानलाई सहज हुने उनले जानकारी दिए । कार्यालयले विसं २०७२ मा एक सय मिटरदेखि एक हजार मिटर उचाइसम्म तराई क्षेत्रका लागि 'सुन कागती १' र 'सुन कागती २' को अनुसन्धान पूरा गरेको थियो । त्यस्तै कार्यालयले विसं २०७५ मा एक हजारदेखि एक हजार छ सय मिटर उचाइसम्मका लागि 'तेह्रथुम स्थानीय' कागतीको अनुसन्धान पूरा गरेको थियो । यसै वर्ष सोही उचाइका लागि खोकू सुन्तलाको अनुसन्धान पूरा गरेको कार्यालयले गत वर्ष यसै उचाइमा खेती गर्न गण्डकी प्रदेशका लागि 'बाँस खर्क स्थानीय' सुन्तलाको अनुसन्धान पूरा गरेको छ । त्यस्तै यो वर्ष कार्यालयले आठ सयदेखि एक हजार चार सय मिटरसम्म खेती गर्नका लागि पात्ले अगौटे जात सुन्तलाको अनसुन्धान पूरा गरेको छ । निकट भविष्यमा नै सिन्धली र रामेछाप जिल्लाका लागि नौ सयदेखि एक हजार पाँच सय मिटरसम्म खेतीका लागि 'सिन्धुली स्थानीय' जुनार जातको सिफारिस गर्न लागिएको डा आचार्यले जानकारी दिए । देश संघीयतामा गएसँगै विसं २०७५ पछि नीतिगत समस्याका कारण अनुसन्धानको कर्मचारी दरबन्दी परिपूर्ति हुन नसक्दा अनुसन्धान प्रभावित भएको उनले जानकारी दिए । 'सैतीस जनाको दरबन्दीमा छजनाले काम गर्नुपर्दा कार्यक्रम प्रभावित भएको छ', उनले भने, '१३ जनाको प्राविधिक टोलीमा म एक्लो छु, अफिसमा बस्नु कि किसान कहाँ जानु ?' आवश्यकता अनुसारको सबै दरबन्दी भएको भए हालसम्म १५ देखि १७ जातसम्मको अमिलो फलफूलको अनुसन्धान सकिने उनको भनाइ थियो । चार सय रोपनी क्षेत्रफलमा फैलिएको यस केन्द्रले हाल एक सय ५४ जातको अमिलो फलफूलको अनुसन्धान गर्ने क्रममा रहेको छ ।

**-रासस**

## मध्य साउनसम्म पनि मधेशका ४१ प्रतिशत खेत बाँझै



*गण्डकीमा ८२ प्रतिशत, कर्णालीमा ८५ प्रतिशत र सुदूरपश्चिमका ९९ प्रतिशत खेतमा रोपाइँ सकिएको छ । गत वर्ष करीब १३ लाख ५८ हजार हेक्टर खेतमा धान रोपाइँ भएको थियो । यो वर्ष अहिलेसम्म १० लाख ५३ हजार हेक्टर खेतमा मात्रै धान रोपिएको छ । मनसुन भित्रिन ढिला भएको तथा पर्याप्त पानी नपरेका कारण धान रोपाइँ हुन नसकेको हो । नेपालमा अधिकांश खेतको सिंचाइ आकाशे पानीमा निर्भर छ । भारतले चामल निर्यातमा लगाएको प्रतिबन्धका कारण बजारमा चामलको मूल्यवृद्धि शुरू भइसकेका वेला धान रोपाइँमा भएको ढिलाइका कारण उत्पादनमा कमी आएर मूल्यवृद्धि थप चुलिने जोखिम बढेको छ । त्यसो हुँदा उपभोक्ता थप मर्कामा पर्नेछन् ।*

रोपाइँको मुख्य मौसम घर्किन लाग्दा समेत यो वर्ष किसानको हजारौं रोपनी खेत बाँझै छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार १२ साउनसम्म देशको ७७ प्रतिशत खेतमा मात्रै रोपाइँ सकिएको छ । गत वर्ष यही अवधिमा ९० प्रतिशत खेतमा रोपाइँ सकिएको थियो । बढी धान फल्ने मधेश प्रदेशमा त एकतिहाइभन्दा बढी खेतमा रोपाइँ हुन सकेको छैन । मधेशमा ५१ प्रतिशत खेतमा मात्रै रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ । गत वर्ष यही अवधिमा मधेशका ८९ प्रतिशत खेतमा रोपाइँ सकिएको थियो । साउनको चौथो सातासम्म धान रोपाइँ गरिने भएकाले अझै पनि रोपाइँको समय बाँकी रहेको मन्त्रालयको भनाइ छ । तर, रोपाइँ ढिला हुँदा धानको उत्पादनमा कमी आउँछ । मन्त्रालयका अनुसार कोशी प्रदेशका ८४ प्रतिशत, बागमतीका ७२ प्रतिशत र लुम्बिनीका ८१ प्रतिशत खेतमा रोपाइँ सकिएको छ ।

त्यसैगरी, गण्डकीमा ८२ प्रतिशत, कर्णालीमा ८५ प्रतिशत र सुदूरपश्चिमका ९९ प्रतिशत खेतमा रोपाइँ सकिएको छ । गत वर्ष करीब १३ लाख ५८ हजार हेक्टर खेतमा धान रोपाइँ भएको थियो । यो वर्ष अहिलेसम्म १० लाख ५३ हजार हेक्टर खेतमा मात्रै धान रोपिएको छ । मनसुन भित्रिन ढिला भएको तथा पर्याप्त पानी नपरेका कारण धान रोपाइँ हुन नसकेको हो । नेपालमा अधिकांश खेतको सिंचाइ आकाशे पानीमा निर्भर छ । भारतले चामल निर्यातमा लगाएको प्रतिबन्धका कारण बजारमा चामलको मूल्यवृद्धि शुरू भइसकेका वेला धान रोपाइँमा भएको ढिलाइका कारण उत्पादनमा कमी आएर मूल्यवृद्धि थप चुलिने जोखिम बढेको छ । त्यसो हुँदा उपभोक्ता थप मर्कामा पर्नेछन् । गत आर्थिक वर्षमा ५४ लाख ८६ हजार मेट्रिक टन धान फलेको थियो। नेपालमा अहिलेसम्मकै सर्वाधिक धान उत्पादन आर्थिक वर्ष २०७७/७८ मा भएको थियो । उक्त वर्ष ५६ लाख २१ हजार मेट्रिक टन धान फलेको तथ्याङ्क छ ।

**-हिमालखबर डटकम**

## अलैँचीका बोट मर्न थालेपछि किसान चिन्तित



बागलुङको ताराखोला गाउँपालिका-२ अर्गलमा विसं २०७६ देखि यहाँका कृषकले व्यावसायिक अलैंची खेती गर्दै आएका छन् । सुरुमा अलैंचीका बिरुवा हुर्किदै गएपछि उत्साहित बनेका कृषक अहिले निराश बनेका छन् । अलैंचीले फल दिने बेला सुकेर मर्न थालेपछि कृषक चिन्तित बनेका छन् ।

चार वर्ष अगाडि गाउँमा फाट्टफुट्ट अलैंची खेती गरे पनि व्यावसायिकरुपमा भने गरिएको थिएन । गाउँपालिकाले पूर्वी नेपालबाट बिरुवा लिएर अनुदानमा दिएपछि कृषक व्यावसायिकरुपमा अलैंची खेती गर्न थालेका हुन् । असार महिनादेखि अलैंची फूल्न थालेपछि बोट सुक्न थालेको हो । अहिलेसम्म सयौं बोट सुकेर नष्ट भएका छन् । अपरिचित रोगबाट अलैंची मर्न थालेपछि कृषक सशङ्कित बनेका छन् । अघिल्लो वर्ष केही बोट सुक्ने समस्या देखिए पनि धेरै समस्या नआएको स्थानीय कुलबहादुर घर्तीमगरले जानकारी दिए । आफूले दुई रोपनी क्षेत्रफलमा स्थानीय जात र नौ रोपनीमा भार्लाङ जातको गरी ११ रोपनी क्षेत्रफलमा अलैंची लगाएको बताए । त्यसमध्ये हालसम्म २० प्रतिशत बोट सुकेर नष्ट भएको उनले बताए । ताराखोला -२ अर्गल गाउँका खोला किनारमा धेरै किसानले अलैंची लगाएको जनाउँदै सबैको अलैंचीको बोट सुक्दै गएको स्थानीय घर्तीमगरले बताए । गाउँमा अलैंची राम्रो हुने सम्भावना देखेपछि आफूले रु चार लाखमा जग्गा खरिद गरी बिरुवा लिएर लगाएको जनाउँदै अहिले समस्या आएपछि लाखौंको नोक्सान हुन थालेको उनको भनाइ छ । अलैंचीमा समस्या देखिएपछि गाउँपालिकाको कृषि प्राविधिकलाई जानकारी गराएको घर्तीमगरले बताए । 'गाउँमा पहिले स्थानीय जातको अलैंची लगाएको थिएँ, त्यो निकै राम्रो भएको थियो, फल पनि राम्रो दिएको थियो, त्यही देखेर उन्नत जातको बीउ पूर्वबाट लिएर लगाइयो, केही समय राम्रो भएको थियो, अहिले समस्या आयो', स्थानीय घर्तीमगरले भने, 'एघार रोपनीमध्ये दुई रोपनीमा स्थानीय जातको र नौ रोपनीमा बाहिरबाट ल्याएर लगाए, पोहोर सालनै केही बोट मरेका थिए, अहिले धेरैमा यो समस्या देखियो, गाउँमा अरु किसानले लगाएको अलैंचीमा पनि यही समस्या छ, के भएर मरे ?, अब कसरी अरु बिरुवा बचाउने भन्ने चिन्ता छ ।' कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले ढुसीजन्य रोगका कारण अलैंचीका बोट मर्न थालेको बताए । उनले ताराखोला मात्रै नभएर अलैंची खेती हुने जिल्लाको काठेखोला र बरेङमा पनि यो समस्या आएको बताए । सुक्खाको कारणले अलैंचीमा ढुसीजन्य रोग लाग्ने र बोट मर्ने भट्टराईको भनाइ छ । यो रोगका कारण जिल्लामा पछिल्लो केही वर्षयता उत्पादनमा कमी आउन थालेको उनी बताउछन् । 'किसानले अलैंची बगैंचा बनाउँदा सुक्खा ठाउँ चयन गर्नु हुँदैन, जहाँ चिस्यान छ, पानीको पर्याप्त उपलब्धता छ, त्यहाँ मात्रै यसको खेती गर्नुपर्ने हुन्छ, ताराखोलामा अहिले यो समस्या आयो, काठेखोला र बरेङमा पहिलेदेखि नै समस्या थियो', प्रमुख भट्टराईले भने, 'सुक्खाको कारण समस्या भएको हो, अब किसानले नियमित सिँचाइको व्यवस्था मिलाउनुपर्छ, सिँचाइको व्यवस्थापन भयो भने समस्या समाधान हुन्छ ।' कृषि ज्ञान केन्द्र प्रमुख प्रमुख भट्टराईका अनुसार बागलुङमा एक सय हेक्टर जमिनमा खेती हुने गरेको छ । जिल्लामा हरेक वर्ष ३८ मेट्रिक टन उत्पादन हुने र किसानले राम्रो मूल्य पाएको उनको भनाइ छ । अलैंची खेती गर्नुपूर्व यससम्बन्धी सामान्य ज्ञान लिन जरुरी रहेको उनले सुझाव दिए ।

**-रासस**

## म्याग्दीमा आलुले बजार पाएन



म्याग्दीमा उत्पादित आलुले बजार नपाउँदा किसान समस्यामा परेका छन् । पश्चिम म्याग्दीका मालिका, मङ्गला र धौलागिरि गाउँपालिकाका प्रत्येक व्यक्तिको घरमा यतिबेला खनेको आलु थुपारिएको छ । बारीमा पनि आधाभन्दा बढी आलु खन्न बाँकी छ । अहिलेसम्म कतैबाट पनि आलुको माग नआएको किसानले बताएका छन् ।

जिल्लाका लेकाली क्षेत्रमा फलेका वर्षे स्वादिष्ट आलु बिक्री नहुँदा किसान मारमा परेका हुन् । यस ठाउँमा मकैपछिको दोस्रो प्रमुख बालीका रूपमा उत्पादन हुने आलुले बजार नपाउँदा आलु कुहिन्छ कि भन्ने पिरले आफूहरूलाई सताएको मालिका-२ रुमकी टेकसरा बूढाले बताए । म्याग्दीबाट निकासी हुने प्रमुख कृषिउपज आलुको उत्पादन यस वर्ष बढेको छ । गत वर्षको तुलनामा छ दशमलव ३६ प्रतिशतले आलुको उत्पादन बढेको कृषि ज्ञान केन्द्रले जनाएको छ । आलुको उत्पादन बढे पनि बिक्री हुन नसक्दा समस्या भएको किसानको गुनासो छ । विगतका वर्षहरुमा जिल्लामा उत्पादित आलुमध्ये ७० प्रतिशत अथवा एक हजार मेट्रिक टनभन्दा बढी आलु निकासी हुने गरेको कृषि ज्ञान केन्द्र म्याग्दीको तथ्याङ्क छ । प्रतिकिलो रु ५० देखि रु एक सय सम्ममा कृषकले आलु बेच्ने गरेका थिए । व्यापारीले अग्रिम पेस्की दिएर बारीमा नखन्दै आलु खरिद गर्ने गर्दथे तर यस वर्ष भने प्रतिकिलो रु ३५ मा आलु दिँदा पनि बिक्री हुन नसकेको मङ्गला-४ का तीर्थबहादुर पुनले बताए । जिल्लामा हाल स्थानीय सेतो, रातो जातको आलु, नीलो, कार्डिनल र एमएस ४२ नामक आलु उत्पादन हुने गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत रघुगङ्गा-६, ७ र ८ र अन्नपूर्ण-५, ६, ७ र ८ नं वडामा गत आर्थिक वर्षदेखि व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र कार्यक्रम सञ्चालन गरेको छ । केन्द्रका बाली संरक्षण अधिकृत सञ्जीव बास्तोलाले यस वर्ष जिल्लाभर एक हजार छ सय ५० हेक्टर जमिनमा आलु खेती भएकामा २५ हजार चार सय १० मेट्रिक टन उत्पादन भएको जानकारी दिए । 'अघिल्लो वर्ष एक हजार एक सय ४५ हेक्टर जमिनमा आलु खेती भएकामा २३ हजार सात सय ९३ मेट्रिक टन उत्पादन भएको थियो', उनले भने, 'क्षेत्रफल विस्तारसँगै आलुको उत्पादन पनि बढेको हो ।' यस वर्ष धेरै उत्पादन भए पनि बजारमा पठाउन नसक्दा आफूहरू समस्यामा परेको मालिका-४ देवी स्थानकी कृष बूढाले बताए ।

अहिले आलु बजारमा बिक्री नहुँदा र घरमा पनि राख्ने ठाउँ नहुँदा बारीमै प्लाष्टिकले छोपेर राख्नुपर्ने बाध्यता रहेको कृषक बूढाको भनाइ थियो । बर्खाको समय भएका कारण पानी पर्ने भएकाले बारीमै प्लाष्टिकले छोपेर आलु राख्दा पानी परेर कुहिन सक्ने र बारीमै खुलारूपमा राखेको आलुको स्वाद पनि बिग्रने उनले बताए । 'अहिले मालिका गाउँपालिकाको सबै ठाउँमा आलु खन्ने काम धमाधम चलिरहेको छ', उनले भने, 'आलु खनेर बारीमा थुपारेका छौं, वर्षाका कारण सडक अवरुद्ध हुँदा उत्पादन भएको आलु जिल्ला सदरमुकाम बेनी बजारसम्म पुर्याउन सकेका छैनौं ।' स्थानीय तहले आलु खेतीको पकेट क्षेत्र, कृषि ज्ञान केन्द्रले बल्क र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले आलु जोन कार्यक्रममार्फत आलु खेती विस्तार गरेका छन् । कृषि ज्ञान केन्द्रमार्फत पाँच सय रोपनी जमिनमा आलु खेतीको कार्यक्रम सञ्चालन गरिएको थियो ।

अन्नपूर्ण गाउँपालिको शिख, घार, राम्चे र हिस्तान, रघुगङ्गाको पाखापानी, ठाडाखानी, चिमखोला र कुइनेमङ्गले, कुइने मङ्गलाको हिँदी, झाँक्रीपानी, किमचौर र टोड्के, मालिकाको बिम र दिच्याम, धौलागिरिको गुर्जा र मरेनी तथा बेनीको भकिम्ली र डडुवा आलु उत्पादन हुने पकेट क्षेत्र हुन् । नागी राम्चेबाट वार्षिक रु दुई करोड मूल्य बराबरको आलु निकासी हुने गरेको छ । उच्च पहाडी क्षेत्रको चिसो हावापानीमा उत्पादन भएको आलु पोखरा, काठमाडौंलगायत बजार क्षेत्रमा निकासी हुँदै आएको छ । जिल्लाबाट वार्षिक रु छ करोडभन्दा बढी मूल्यको आलु निकासी हुने केन्द्रको तथ्याङ्क छ । कृषि ज्ञान केन्द्रमार्फत यसअघि रघुगङ्गा-८ कुइनेमङ्गले र मङ्गला-३, ४ र ५ मा आलुको व्यावसायिक उत्पादन केन्द्र सञ्चालन भएको थियो । मालिका-६ दिच्याम र ७ बिमलाई आलु बल्क कार्यक्रममा समावेश गरिएको छ ।

**-रासस**

# पचभैया फोनिज राष्ट्रिय पत्रकारिता पुरस्कारबाट सम्मानित



**पाल्पा,** साउन २७/नेपाल आदिवासी जनजाति पत्रकार महासंघ फोनिजले 'फोनिज राष्ट्रिय पत्रकारिता पुरस्कार-२०८०' बाट पाल्पाका क्रियाशिल पत्रकार देव पचभैयालाई सम्मान गरेको छ । फोनिजको स्थापना दिवसका अवसरमा शनिबार विराटनगरमा आयोजित एक कार्यक्रमकाबीच संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले पत्रकार पचभैयालाई उक्त पुरस्कार प्रदान गरेका हुन् ।

२०५६ सालदेखि पत्रकारितामा क्रियाशील पचभैया मगर पत्रकारितामा स्थापित नाम हो । उनी दुई दशकदेखि पाल्पाको श्रीनगर एफ. एमका स्टेसन म्यानेजरको रूपमा काम गर्दै आएका छन् । तत्कालीन नेपाल आदिवासी जनजाति पत्रकार संघ (अनिज) पाल्पाका संस्थापक अध्यक्ष हुँदै २ कार्यकाल जिल्ला अध्यक्ष, फोनिज भएपछि उनले पश्चिमाञ्चल इन्चार्ज र फोनिज लुम्बिनी प्रदेश इन्चार्जको रूपमा आदिवासी जनजाति पत्रकारलाई नेतृत्व प्रदान गरिसकेका छन् । उनी हाल मगर पत्रकार संघको महासचिवसमेत हुन् । फोनिजले उनी सहित स्व. किसन राई (मरणोपरान्त), दोलखाका जीवन लामा र कैलालीका उन्नति चौधरीलाई पुरस्कृत गरेको छ । यस्तै फोनिज राष्ट्रिय पत्रकारिता सम्मान २०८० बाट दिलीप थापा मगर पुरस्कृत भएका छन् । नेपाल पत्रकार महासंघको केन्द्रीय उपाध्यक्षको रूपमा नेपाली पत्रकारलाई नेतृत्व प्रदान गरिसकेका थापा आफैले पाँच वर्षदेखि सरोकार टेलिभिजन सञ्चालन गर्दै आएका छन् । त्यस्तै 'फोनिज मातृभाषा पत्रकारिता सम्मान-२०८०'बाट काठमाडौंबाट प्रकाशित हुँदै आएको 'नेपालभाषा टाइम्स दैनिक' लाई प्रदान गरिएको छ ।

# गर्भवतीलाई अल्ट्रासाउण्ड सेवा निःशुल्क



**लुम्बिनी,** साउन २७/बुटवल उपमहानगरपालिकाले गर्भवतीको स्वास्थ्य परीक्षणका लागि 'अल्ट्रासाउण्ड' (भिडियो एक्सरे) सेवा निःशुल्क सुरु गरेको छ । बुटवल उपमहानगरपालिका-९ र ११ का लागि बुद्धनगरस्थित सहरी स्वास्थ्य केन्द्रबाट नगर प्रमुख खेलराज पाण्डेयले सेवा सुरु भएको घोषणा गरेका हुन् । नगर प्रमुख पाण्डेयले नगरले स्वास्थ्यका क्षेत्रमा धेरै काम गरिरहेको जनाउँदै शिशु पोषण कार्यक्रमअन्तर्गत रु दुई हजार, महिलाको पाठेघरको परीक्षण तथा स्तन क्यान्सर परीक्षण कार्यक्रम गरिरहेको बताए । उनले उपमहानगरपालिकाले १२ वटा स्वास्थ्य संस्थालाई अझ सुविधासम्पन्न बनाउने र छिट्टै नै बुटवल-१३ र १७ मा सुविधासम्पन्न अस्पताल सञ्चालन हुने बताए । उनले महिलाको स्वास्थ्यलाई विशेष ध्यानमा राखेर नियमितरुपमा स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिरहेको बताए । पाण्डेयले चालु आर्थिक वर्षमा ज्येष्ठ नागरिकलाई घरदैलोमा पुगेर स्वास्थ्य सेवा दिने, गर्भवती तथा सुत्केरीलाई दुग्धवर्धक जटीबुटीजन्य सामग्री प्रदान गर्ने र दन्त शिविर सञ्चालन गर्ने कार्यक्रम रहेको बताए ।

कार्यक्रममा स्वास्थ्य तालिम केन्द्रका निर्देशक नोदनारायण चौधरी, वडा नं ९ का अध्यक्ष प्रदीप श्रेष्ठ, ११ का अध्यक्ष रामचन्द्र क्षेत्रीले बुटवलमा स्वास्थ्य क्षेत्रमा उल्लेख्य प्रगति भएको बताए । अबदेखि बुटवलका १२ वटै स्वास्थ्य संस्थामध्ये बुद्धनगरको सहरी स्वास्थ्य संस्थामा हरेक महिना तीन दिन र अन्य संस्थाबाट हरेक महिना एकदिन गर्भवती महिलाको भिडियो एक्सरे निःशुल्क सेवा सञ्चालन हुने स्वास्थ्य शाखाका उपनिर्देशक युवराज पाण्डेले बताए । बुटवलका बासिन्दाका लागि लक्षित भएकाले सेवाग्राहीको चापलाई ध्यानमा राखेर सेवा विस्तार गर्ने उनले जानकारी दिए । सेवाग्राहीको चाप र मागअनुसार सबै स्वास्थ्य संस्थाबाट नियमितरुपमा निःशुल्क सेवा दिने गरी तयारी भइरहेको उनले बताए । **-रासस**

खेलकुद समाचार

## फ्रान्सलाई हराउँदै अष्ट्रेलिया सेमिफाइनलमा



**काठमाण्डौं,** साउन २८/फ्रान्सलाई हराउँदै आयोजक अष्ट्रेलिया महिला विश्वकपको सेमिफाइनलमा पुगेको छ । ब्रिस्बेनको सनकर्प स्टेडियममा भएको खेलमा पेनाल्टीमा फ्रान्सलाई ७-६ गोलले हराउँदै अष्ट्रेलिया अन्तिम चारमा पुगेको हो ।

निर्धारित ९० मिनेटको खेल गोलरहित बराबरीमा सकिएपछि खेल ३० मिनेटको अतिरिक्त समयमा पुगेको थियो । अतिरिक्त समयमा पनि दुवै टोलीले गोल गर्न सकेनन् । निकै प्रतिस्पर्धात्मक खेलमा अष्ट्रेलियाले पेनाल्टीमा ७-६ ले फ्रान्सलाई हरायो । खेलमा २० वटा पेनाल्टी प्रहार भएका थिए ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

# आज दश अर्बको विकास ऋणपत्र बिक्री गरिँदै



**पाल्पा,** साउन २७ /आज आन्तरिक ऋण उठाउने प्रयोजनका लागि १० अर्ब रुपैयाँको विकास ऋणपत्र बिक्री हुन लागेको छ ।

विकास ऋणपत्र २०८८ नाम दिइएको उक्त ऋणपत्रको परिपक्व अवधि ८ वर्ष रहेको छ । उक्त विकास ऋणपत्र-२०८८ बोलकबोल माध्यमबाट बिक्री हुने भएको छ । सरकारका तर्फबाट नेपाल राष्ट्र बैंकले विकास ऋणपत्र मार्फत ऋण उठाइदिन लागेको हो । विकास ऋणपत्र आज आइतबार अपराह्न ३ बजेसम्म बोलकबोल हुनेछ भने साउने २९ गते निष्कासन हुनेछ । यो विकास ऋणपत्र बैंक तथा वित्तीय संस्था, गैर-बैंक वित्तीय संस्था, बीमा कम्पनी, संगठित संस्था तथा सर्वसाधारण व्यक्तिले पनि खरिद गर्न सक्ने छन् । यो ऋणपत्र धितो राखी कर्जासमेत लिन पाइने राष्ट्र बैंकले जनाएको छ । विसं २०८८ साउन २९ गते साँवा भुक्तानी हुने यो ऋणपत्रको ब्याज अर्ध वार्षिक रुपमा भुक्तानी हुनेछ । आर्जित ब्याजमा ब्याजकर लाग्नेछ । प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालालाई क्रमशः निष्काशित रकमको ८५ र १५ प्रतिशत अर्थात् आठ अर्ब ५० करोड र एक अर्ब ५० करोड छुट्याइएको छ । अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकमका लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालालाई बिक्री गरिने राष्ट्र बैंकले जनाएको छ ।

बोलवालाले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँट गरिने रकमसम्ममा कायम भएको ब्याजदरको सीमालाई एकल ब्याजदर कायम गरी सो ब्याजदर र सो ब्याजदरभन्दा तलका सबै बोलवालालाई सोही एकल ब्याजदरमा ऋणपत्र उपलब्ध गराइनेछ ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।
- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।
लामखुट्टेको टोकाईबाट बचौ र बचाऔं ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
नेपाल सरकार
विज्ञापन बोर्ड

# पालपामा पनि मनाइयो अन्तर्राष्ट्रिय...

...संघका शाखा प्रवन्धक शोवाकान्त न्यौपानेले कार्यक्रम माथि प्रकाश पार्दै सीपमूलक शिक्षा, जिल्लामा युवाहरुको अवस्थाका बारेमा जानकारी गराएका थिए । उनले राष्ट्रिय जनगणना २०७८ अनुसार पाल्पामा २ लाख ४५ हजार २७ जनसंख्या रहेकोमा ४५ हजार ९ सय ९९ युवा रहेको बताए । यो कूल जनसंख्याको १८ दशमलव ७७ प्रतिशत हो । न्यौपानेका अनुसार १५ वर्षदेखि २४ वर्षकाहरुलाई युवाको तथ्यांकमा समावेश गरिएको छ । संघका कोषाध्यक्ष माधवप्रसाद अर्यालले अधिकास युवाहरु विदेशमा जस्तो सुकै काम गर्न पनि तयार हुने तर स्वदेशमै केही नगर्ने प्रचलनले समस्या उत्पन्न गरेको बताए । उनले उर्जावान युवाहरुलाई स्वदेशमै बस्ने वातावरण सिर्जना गर्नु अहिलेको आवश्यकता रहेको धारणा व्यक्त गरे ।

कार्यक्रममा सहभागीहरुले सरकारले वर्षेनि विभिन्न कार्यक्रम गरी युवा दिवस मनाउने गरे पनि युवाका मुद्दा कार्यान्वयनमा भने जहिल्यै समस्या देखिने गरेको बताए । उनीहरुले युवा लक्षित गरी ल्याइएका विभिन्न कार्यक्रम कार्यान्वयन प्रभावकारी नहुँदा युवाका मुद्दा अपेक्षाकृतरुपमा सम्बोधन हुन नसकेको गुनासो गरे । सोही अवसरमा युवा परिचालनमा महत्वपूर्ण भूमिका खेल्दै आएका परिवार नियोजन संघ पाल्पाका युवा सदस्य कमल बस्याललाई सम्मान समेत गरिएको थियो । संघका अध्यक्ष सुशिलराज शाक्यको अध्यक्षता, रोट्रयाक्ट क्लव अफ तानसेनका प्रेसिडेन्ट विक्रम सिंहको स्वागत, संघका सदस्य आदित्य पोखरेलको सञ्चालनमा कार्यक्रम भएको थियो । युवाका सवाललाई सम्बोधन गर्ने हेतुले संयुक्त राष्ट्रसंघले सन् १९९९ देखि हरेक वर्षको अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने निर्णय गरेसँगै सन् २००० देखि नियमितरूपमा विश्वभर युवा दिवसका सन्दर्भमा विविध कार्यक्रम हुँदै आएका छन् । नेपालमा भने युवासँग काम गर्ने संघसंस्थाको अगुवाइमा पहिलो पटक सन् २००४ देखि दिवस मनाउन थालिएको हो । नेपालमा युवा दिवस मनाउन थालिएपछि युवाका मुद्दा केही न केही सम्बोधन हुन थालेका छन् तर युवालाई उच्च प्राथमिकतामा राखेर सरकारले धेरै कार्यक्रम ल्याए पनि ती कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन नहुँदा युवा लाभान्वित बन्न सकेका छैनन् । सरकारले विसं २०७२ मा राष्ट्रिय युवा परिषद् गठन गर्दै युवाको नेतृत्व विकासमा काम गर्दै आइरहेको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई